# RELIANCE SPINNING MILLS LTD.

H.O. 4th Floor Ameer Bhawan, Kamaladi, Kathmandu, Nepal
Tel. : +977-1-5341853 (Hunting Line)
E-mail : info@reliancespinningnepal.com

Ltd. No. 105117 PAN: 300016312


च. नं.९३/०८१/०८२

RELIANCE SPINNING MILLS LTD. Estd. 2051 Kathmandu

मिति: २०८१/१०/०७

श्रीमान् सम्पादकजयू,
हिमाल मिडिया प्रा. लि.
पाटनढोका, ललितपुर ।

**विषय: झुट्टा तथा भ्रमपूर्ण समाचार हटाउने सम्बन्धमा ।**

आदरणीय सम्पादकज्यू,

उपरोक्त सम्बन्धमा तहाँ हिमाल मिडिया प्रा. लि. द्वारा विभिन्न मितिमा यस रिलायन्स स्पिनिङ्ग मिल्स लि. (“**कम्पनी**”) र विशेषत यस कम्पनीको शेयरको सार्वजनिक निष्काशन प्रक्रिया सम्बन्धि भ्रामक समाचार प्रकाशन भएकोमा सो तर्फ यस कम्पनीको ध्यानाकर्षण भएको छ । यसरी असत्य तथा भ्रामक समाचार प्रकाशित हुँदा पत्रकारिताको इमानदारीता र सर्वसाधारणको पत्रकारिताका माथीको विश्वसनीयतामा प्रश्न उठ्ने मात्र नभई आम नागरिकको तथ्यपरक सूचना प्राप्त गर्ने अधिकारमा समेत गम्भीर आघात पर्ने भएकाले यस कम्पनीसँग जोडिएको त्रुटीपूर्ण समाचार सच्चाउनको लागि आवश्यक पहल कदमी गर्न यस कम्पनीको समेत जिम्मेवारी रहेको हामीले महसुस गरेका छौँ ।

यसै सन्दर्भमा यहि असार २३, २०८१ मा तहाँको अनलाइन संस्करणमा **“सर्वसाधारणलाई झुक्काएर रिलायन्सको आईपिओ”** (https://www.himalkhabar.com/news/142231) शीर्षकको समाचार प्रकाशन भएको रहेछ । उक्त समाचारमा यस कम्पनीले कृत्रिम तथ्यांकको आधारमा शेयरको मूल्यांकन गर्न दिई शेयर निष्काशन गर्न लागेको र सर्वसाधारणलाई झुक्काउन लागेको उल्लेख गरिएकोमा सो समाचार नितान्त रुपमा असत्य र भ्रामक रहेको छ । त्यहाँ उल्लेख भए जस्तो हामीले सर्वसाधारणलाई झुक्काउन खोजेको नभई प्रचलित ऐन कानूनको व्यवस्था बमोजिम धितोपत्र बोर्डबाट स्वीकृति लिई शेयर निष्काशन गर्ने लागेको हो । यस कम्पनीको शेयर निष्काशन प्रक्रियामा कुनै कानूनी तथा प्रक्रियागत त्रुटी नरहेको कुरा त हालै कम्पनी विरुद्ध दायर भएको रिट निवेदनमा कम्पनीको पक्षमा सम्मानिय उच्च अदालत पाटनद्धारा भएको फैसलाबाट समेत पुष्टि हुन्छ । तर, उक्त फैसलाको पूर्ण पाठ जारी भएसँगै तहाँद्वारा प्रकाशित **“रिलायन्सले फेरी विवरणपत्र निकाल्नुपर्ने, शेयरको मोल पुनर्मूल्यांकन गर्नुपर्ने”** (https://www.himalkhabar.com/news/143723) शीर्षकको समाचारमा समेत यस कम्पनीको सार्वजनिक निष्काशन प्रक्रियामा गम्भीर असर पर्ने गरी अदालतको फैसलाको त्रुटीपूर्ण व्याख्या भएको हामीले पाएका छौँ । उक्त समाचारमा उल्लेख भए जस्तो अदालतले यस कम्पनीलाई विवरणपत्र पुनः सच्च्याउन तथा शेयरको मूल्य पुनमूल्यांकन गर्न कुनै निर्देशन दिएको नभई बुक बिल्डिंग विधिबाट शेयर जारी गर्ने क्रममा यस कम्पनीले सर्वसाधारणलाई शेयर निष्काशन गर्नु पूर्व संसोधित विवरणपत्र प्रकाशन गर्नु पर्ने प्रक्रिया बाकी नै रहेको मात्र उल्लेख गरेको हो ।

**RELIANCE SPINNING MILLS LTD.**
H.O. 4th Floor Ameer Bhawan, Kamaladi, Kathmandu, Nepal
Tel. : +977-1-5341853 (Hunting Line)
E-mail : info@reliancespinningnepal.com
Ltd. No. 105117 PAN: 300016312

यसरी तहाँ जस्तो विश्वसनीय संचार माध्यमले बारम्बार यस कम्पनीको विरुद्ध भ्रामक र कपोकल्पित समाचार प्रकाशन गर्दा यस कम्पनीले आफ्नो ३० वर्ष भन्दा लामो संचालनको अवधिमा हासिल गरेको प्रतिष्ठामा गम्भीर आँच आउनुका साथै सरोकारवालाहरु बीच रहेको यस कम्पनीको विश्वासमा समेत ठुलो असर परेको छ । साथै, यस किसिमका भ्रामक समाचारले यस कम्पनीको सार्वजनिक निष्काशन प्रक्रियामा अवरोध पर्न गई कम्पनीले अपूरणीय क्षति व्यहोर्नु पर्ने मात्र नभई सर्वसाधारणको सहि सूचना प्राप्त गर्ने अधिकारमा समेत नकारात्मक असर पर्ने छ ।

अत: उक्त झुठा तथा भ्रमपूर्वक समाचार तुरन्त हटाउन र भविष्यमा समेत सत्य तथ्य पत्ता नलगाई यस किसिमको भ्रमात्मक समाचार नछाप्नु हुन अनुरोध गर्दछौं । अन्यथा, उपलब्ध कानूनी उपचारको प्रक्रिया अगाडी बढाउन बाध्य हुनेछौं ।

धन्यवाद ।

RELIANCE SPINNING MILLS LTD. Estd. 2051 Kathmandu

भवदीय,

....................................
रविन्द्र बस्नेत
रिलायन्स स्पिनिङ्ग मिल्स लि.
कम्पनी सचिव

**बोधार्थ**

**श्री प्रेस काउन्सिल नेपाल**
सञ्चारग्राम, काठमाण्डौ ।